**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २६ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालमा एसआईआर अन्तर्गत दाबी एवं आपत्तिहरूको सुनवाई अवधि प्रस्तुत गरिने आवासीय प्रमाण पत्र अब निर्वाचन आयोगको कड़ा निगरानीमा रहनेछ।

२. पश्चिम बंगालका दुई जिल्लाका होटल व्यवसायीहरूले बंगलादेशी पर्यटकहरूका लागि आफ्ना होटल र लजहरू बन्द गर्ने निर्णय लिएका छन्।

३. सिलगढ़ीमा भिजा कार्यालयलाई बन्द गराएपछि अब बंगलादेशको एक ब्यांकलाई लिएर आन्दोलन तीव्र भएको छ।

४. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले घैयाबारीमा उदय संघ सार्वजनिक भवनको उद्घाटन गर्नु भएको छ।

५. वरिष्ठ कवि ज्ञानेन्द्र खतिवड़ालाई बद्रीनारायण प्रधान स्मृति पुरस्कार-२०२६ अर्पण गरिने भएको छ।

**एसआईआर - आवासीय प्रमाण पत्रको निगरानीमा**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत दाबी एवं आपत्तिहरूको सुनवाई अवधि प्रस्तुत गरिने आवासीय प्रमाण पत्र अब भारतीय निर्वाचन आयोगको कड़ा निगरानीमा रहनेछ। आयोगले स्पष्ट पारेको छ, जुलाई, 2025 पश्चात राज्य सरकारद्वारा जारी गरिएको निवास प्रमाण पत्रहरूको विशेष जाँच गरिनेछ।

**मुख्य निर्वाचन अधिकारी कार्यालयसित जोड़िएको सूत्रानुसार आयोगले पहिला नै जिल्ला मेजिस्ट्रेट तथा जिल्ला निर्वाचन अधिकारीहरूलाई निर्देश दिएको छ कि उनीहरूले यस्ता मतदाताहरूद्वारा पेश गरिएको निवास प्रमाण पत्रको प्रामाणिकताको जाँच गरुन् जसको वर्ष 2002-को मतदाता सूचीसित कुनै सोझो वा पारिवारिक सम्बन्ध पाइएको छैन। यस्ता मतदाताहरूलाई अनम्याप्ड मतदाताको रूपमा चिन्हित गरिएको छ। निवास प्रमाण पत्रहरूको जाँच दुई आधारमा गरिनेछ। प्रथमतः यो हेरिनेछ कि प्रमाण पत्र असली हो वा नक्कली। दोस्रो यो जाँच गरिनेछ कि यो प्रमाण पत्र वास्तवमा राज्यका योग्य एवं स्थायी निवासीहरूलाई जारी गरिएको हो वा होइन। सुनवाईमा प्रस्तुत दस्तावेजहरूको जाँच पनि दुई स्तरमा हुनेछ। पहिलो स्तरमा निर्वाचन पञ्जीकरन अधिकारीले जाँच गर्नेछन् भने दोस्रो स्तरमा जिल्ला निर्वाचन अधिकारीले यसको समीक्षा गर्नेछन्। भारतीय निर्वाचन आयोगद्वारा नियुक्त सूक्ष्म पर्यवेक्षकहरूलाई पनि निर्देश दिइएको छ, उनीहरूले सुनवाई सत्रमा निवास प्रमाण पत्र जमा गर्ने मतदाताहरूमाथि विशेष नजर राखुन् र कुनै पनि संदिग्ध मामिलाको जाकारी आफ्ना वरिष्ठ अधिकारीहरूलाई दिउन्। मुख्य निर्वाचन अधिकारी कार्यालय सूत्रको भनाइ छ, यो फसेला विभिन्न विपक्षी दलहरूको सिकायतपछि लिइएको हो।**

**एसआईआर विवाद**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआरलाई लिएर नयाँ विवाद उत्पन्न भएको छ। पूर्व बर्दवान जिल्लाको खण्डघोष विधानसभा क्षेत्रबाट तृणमूल कंग्रेस विधायक नवीन चन्द्र बागकी आमा, भाइ र भाइकी पत्नीलाई चुनाउ आयोगद्वारा सुनवाईको लागि नोटिस पठाइएकोमा राजनीतिक जगतमा खैलाबैला शुरू भएको छ। विवादको कारण यो हो, सुनवाईको लागि बोलाइएका तीनजना मानिसहरूको नाम वर्ष 2002-को मतदाता सूचीमा दर्ता थियो। वर्ष 2002-मै राज्यमा पछिल्लो पटक विशेष गहन पुनरीक्षण भएको थियो। तथापि सुनवाईको नोटिस पाएकोमा विधायक नवीन चन्द्र बागले चुनाउ आयोगको उद्देश्यमाथि प्रश्न उठाउनु भएको छ।

नवीन चन्द्र बागले आरोप लगाउनु भयो, उहाँ तृणमूल कंग्रेसका विधायक हुन्, त्यसैले उहाँको परिवारका सदस्यहरूलाई नियोजित रूपमा सताइरहेको छ। उहाँले भन्नु भयो, उहाँकी आमा, भाइ र भाइकी पत्नीको नाम पहिलाबाटै मतदाता सूचीमा दर्ता हुँदाहुँदै पनि उहाँहरूलाई सुनवाईको लागि बोलाइयो।

विधायकको दाबी छ, यो कारबाही भारतीय जनता पार्टी (भाजपा)-को इशारामा गरिएको हो जसबाट उहाँको परिवारमाथि मानसिक दबाव भयो। तथापि पूर्व बर्दवान जिल्लामा भाजपाका नेताहरूले उपरोक्त आरोपलाई शिराबाटै खारेज गरिदिएका छन्। स्थानीय भाजपा नेता मृत्युञ्जय चन्द्रले भन्नु भने, तृणमूल विधायकले मानिसहरूलाई भ्रमित पार्ने चेष्टा गरिरहेका छन्। उहाँले बताउनु भयो, नामको गड़बड़ी र अन्य तकनिकी कारणहरूले गर्दा मतदाताहरूलाई सुनवाईको लागि बोलाइन्छ।

## बंगलादेशी पर्यटकहरूका लागि होटल र लजहरू बन्द

पश्चिम बंगालका दुई जिल्लाका होटल व्यवसायीहरूले बंगलादेशी पर्यटकहरूका लागि आफ्ना होटल र लजहरू बन्द गर्ने निर्णय लिएका छन्। बंगलादेशमा हिन्दू अल्पसंख्यकहरूमाथि भएको अत्याचार र हालै हिन्दू कपडा कारखानाका कामदार दिपु चन्द्र दासको हत्याको विरोधमा यो निर्णय लिइएको हो। होटल संघहरूले यो वर्तमान अवस्थामा उनीहरूको यो सामूहिक र नैतिक विरोध भएको बताएका छन्।

यो निर्णय लिने दुई जिल्लाहरू दार्जीलिङ र मालदा हुन्। दुवै जिल्ला राज्यको उत्तरी भागमा अवस्थित छन् र बंगलादेशसँग अन्तरराष्ट्रिय सीमा साझा गर्छन्। दार्जीलिङ जिल्लाको सीमा क्षेत्र तुलनात्मक रूपमा सानो भए पनि अल्पसंख्यक बहुल मालदा जिल्लाको सीमा बढ़ी फराकिलो छ। दुवै जिल्लाका स्थानीय वाणिज्य चेम्बरहरूले पनि होटल व्यवसायीहरूको निर्णयलाई समर्थन गरेका छन्।

मालदा होटल तथा रेस्टुरेन्ट मालिक संघका सचिव कृष्णेन्दु चौधरीले बंगलादेशी पर्यटकहरूलाई कोठा नदिने निर्णय सर्वसम्मतिले लिइएको बताउनु भयो। उहाँले भन्नु भयो, हाल जिल्लाको कुनै पनि होटलमा एकजना पनि बंगलादेशी पर्यटक बसिरहेका छैनन्। चिकित्सा भीसामा उपचारको लागि आउनेहरूलाई समावेश गर्ने कि नगर्ने भन्ने बारेमा अर्को बैठकमा चाँड़ै निर्णय गरिनेछ। यसैबीच, दार्जीलिङ जिल्लाको सिलगढ़ी होटल व्यवसायी कल्याण संघले अझ् कड़ा अडान लिएको छ। संगठनले बंगलादेशी पर्यटकहरू साथै चिकित्सा र विद्यार्थी भीसामा आउनेहरूलाई पनि यो प्रतिबन्धको दायरामा समावेश गर्ने निर्णय गरेको छ। एसोसिएशनका सचिव उज्जल घोषले भन्नु भयो, सिलगढ़ी करिडोर, चिकेन नेक सेक्टर र सेभेन सिस्टर्स सम्बन्धी बंगलादेशी नेताहरूले दिएका असंवेदनशील अभिव्यक्तिहरू अत्यन्तै आपत्तिजनक छन्।

## अधिवक्ताहरूद्वारा विरोध

बंगलादेशमा हिन्दुहरूमाथि भइरहेको अत्याचारको विरोधमा अधिवक्ताहरूमा व्यापक रोष छ। आज ठूलो संख्यामा बार एसोसिएशनका अधिवक्ताहरूले भेला भएर खण्ड परिसरबाट जुलूस निकालेर बंगलादेश सरकारको पुतला दहन गरे। खण्ड विकास अधिकारी विजय प्रकाश तिवारीलाई राष्ट्रपतिको नाम सम्बोधित ज्ञापन सुम्पिएर कड़ा कारबाही गर्ने माग गरिएको छ। बार एसोसिएशनका अध्यक्ष अनिल दीक्षित, महामन्त्री सुरेश मिश्रा एवं अधिवक्ता आनन्द सिंह, राम चन्द्र शुक्लाले भन्नु भयो, वकिल समाजले अन्यायको विरोधमा सदैव आवाज उठाउँदै आएको छ र आगामी दिनमा पनि सशक्त ढंगमा उठाउनेछ। यस अवसरमा शिव कुमार सिंह, सुरेश त्रिपाठी, कमल तिवारी, लव पाठक, अशोक कुमार, अनिल वर्मा, सतीश शुक्ला, राम कुमार सोनी सहित ठूलो संख्यामा अधिवक्ताहरू उपस्थित थिए।

## बंगलादेशको ब्यांकलाई आन्दोलन तीव्र

सिलगढ़ीमा भिजा कार्यालयलाई बन्द गराएपछि अब बंगलादेशको सोनाली ब्यांकलाई लिएर फेरि एकपटक आन्दोलन तीव्र भएको छ। बंगीलय हिन्दू महामञ्चले सिलगढ़ीको पानीट्याङ्की मोड़स्थित बंगलादेशी सोनाली ब्यांकको विरोधमा आज विरोध अभियानको आह्वान गर्‍यो। महामञ्चका कार्यकर्ताहरूले पाकुड़तला मोड़देखि जुलूस निकालेर पानीट्याङ्की मोड़ पुगे। सोनाली ब्यांक सामु भारी संख्यामा पुलिस बललाई तैनाथ गरिएको थियो। यस अवधि पुलिस अनि महामञ्चका कार्यकर्ताहरूबीच ठेलम-ठेल पनि भयो। प्रदर्शनकारीहरूले ब्यांक सामु यूनुसको पुतला दहन गरे। यस अवसरमा बंगीय हिन्दू महामञ्चको सल्लाहकार समितिका सदस्य विक्रमादित्य मण्डलले भन्नु भयो, आज पुलिसले सोनाली ब्यांकलाई सुरक्षा दिएको छ, तर यसरी हामी हात बाँधेर बस्नेछैनौं। जबसम्म बंगलादेशमा हिन्दुहरूको सुरक्षा सुनिश्चित हुँदैन तबसम्म हामी यो आन्दोलनलाई लगातार जारी राख्नेछौं। हामीले विभिन्न चिकित्सा केन्द्रहरूमा पनि गएर आवेदन गरेका छौं। उनीहरूलाई कुनै पनि प्रकारको सुविधा दिइनु हुँदैन। घटनालाई लिएर क्षेत्रमा तनाउ फैलिएको छ। तथापि भारी मात्रामा पुलिस बललाई तैनाथ गरिएको कारणले स्तिति नियन्त्रणमा छ।

**बंगलादेश उप-उच्चायोगलाई छः सूत्रीय मागमा ज्ञापन**

बंगलादेशमा अल्पसंख्यक हिन्दुहरूमाथि भएको हमलाको विरोधमा कोलकातामा आज हिन्दू संगठनहरूले प्रदर्शन गरे। हिन्दू संहतिका कार्यकर्ताहरूले सियालदहदेखि मार्च निकालेर बंगलादेश उप-उच्चायोग कार्यालयसम्म जाने प्रयास गरे अनि त्यहाँ एक प्रतिनिधिमण्डलको माध्यमबाट छः सूत्रीय माग उल्लेखित ज्ञापन सुम्पिए। संगठनको तीन सदस्यीय प्रतिनिधिमण्डलले उप-उच्चायोगका एकजना वरिष्ठ अधिकारीसित भेट गर्‍यो। ज्ञापनमा गत 18 दिसम्बरको दिन मयमनसिंहमा भएको दिपु चन्द्र दासको हत्याका दोषीहरूलाई कड़ा सजाय दिने, घटना हुँदा लापरवाही गर्ने पुलिस अधिकारीहरूमाथि कारबाही गर्ने तथा उनीहरूको धार्मिक स्थलहरूको सुरक्षा सुनिश्चित गर्ने माग गरियो। हिन्दू संहतिको सल्लाहकार समितिका सदस्य रजत रायले भने, प्रतिनिधिमण्डलले यो पनि माग राख्यो, हिन्दु तथा अन्य अल्पसंख्यकविरूद्ध अफवाह फैलाउनेहरूमाथि बंगलादेश सरकारले कड़ा कारबाही गरोस्, किनभने यस्तो अफवाहबाट हिंसा भड़्किरहेको छ। धार्मिक असहिष्णुता फैलाउने तथा अन्य धर्मका अनुयायीहरूलाई हिंसाको लागि उक्साउनेहरूमाथि प्रतिबन्ध लगाउनुपर्छ। प्रतिनिधिमण्डलका सदस्यहरू अनुसार उप-उच्चायोगका अधिकारीले भरोसा दिलाए, सबै मागहरूलाई बंगलादेश सरकारसम्म पुर्‍याउनेछ। प्रदर्शन अवधि पुलिसले कड़ा सुरक्षा व्यवस्था गर्‍यो। उप-उच्चायोग कार्यालय वरपर ब्यारिकेड लगाइयो अनि सम्पूर्ण क्षेत्रलाई छाउनीमा परिणत गरियो ताकि प्रदर्शनकारीहरू परिसरसम्म पुग्न नसकुन्।

**बद्रीनारायण प्रधान स्मृति पुरस्कार-२०२६**

वरिष्ठ कवि ज्ञानेन्द्र खतिवड़ालाई बद्रीनारायण प्रधान स्मृति पुरस्कार-२०२६ अर्पण गरिने भएको छ। बद्रीनारायण प्रधान स्मृति प्रतिष्ठान, डुवर्सका सचिव रूपेश शर्माले आज एक प्रेस विज्ञप्तिमार्पत यसको जानकारी दिनु भएको छ। प्रतिष्ठानले जनाएअनुसार, बद्रीनारायण प्रधान स्मृति पुरस्कार चयन समितिका संयोजक डा. मोहन पी. दाहालको अध्यक्षतामा हिजो बाग्राकोटमा बसेको बैठकमा सर्वसम्मतिले खतिवड़ाको नामलाई अनुमोदित गरेको हो। आगामी १८ जनवरी, २०२६ का दिन बाग्राकोटमा आयोजन हुने ९८ औँ बद्रीनारायण प्रधान जयन्ती तथा पुरस्कार अलङ्करण समारोहमा सालबारी निवासी वरिष्ठ कवि खतिवड़ालाई पुरस्कारद्वारा अलङ्कृत गरिनेछ।
प्रसिद्ध साहित्यकार बद्रीनारायण प्रधानको स्मृतिमा सन् २०१० मा गठित बद्रीनारायण प्रधान स्मृति प्रतिष्ठानले सन् २०१२ देखि नेपाली साहित्यका समर्पित साधकलाई प्रत्येक वर्ष यो पुरस्कार अर्पण गर्दै आएको छ। पुरस्कारमा स्मृति-चिन्ह, अङ्ग-वस्त्र र नगद राशि सम्मिलित रहनेछ।
२५ दिसम्बर, १९५४ मा सालबारीमा माता यशोधा घिमिरे र पिता जयप्रसाद खतिवड़ाको कोखमा जन्म लिएका ज्ञानेन्द्र खतिवड़ाले दुईवटा काव्यकृति प्रकाशित छन्- 'खस्नै लागेको उज्यालोमा' (सन् १९९५) र 'ऐना अघिल्तिर' (सन् २०२३)। पछिल्ला पाँच दशकदेखि लेखन र अध्ययनमा सक्रिय खतिवड़ाका कथाहरू 'समकालीन', 'कादम्बरी' सहित थुप्रै स्तरीय पत्रिकाहरूमा प्रकाशित छन्। उनको एउटा कथा सङ्ग्रह प्रकाशनको तयारीमा रहेको जानकारी पाइएको छ। एक निबन्धकारका रूपमा पनि उनको परिचय छ। एक चिन्तनशील सर्जकका रूपमा उनी नेपाली साहित्यमा परिचित छन्। सालबारी क्षेत्रमा विशिष्ट साहित्यकारहरूको स्तरीय

मञ्च 'शब्द समय' गठनमा श्री खतिवड़ाको मुख्य भूमिका रहेको छ, जुन मञ्चले सन् २०१३ देखि मासिक रूपमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## अनित थापा घैयाबारी

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले खरसाङको घैयाबारीस्थित उदय संघ सार्वजनिक भवनको उद्घाटन गर्नु भएको छ। उहाँ आज घैयाबारी पुग्नु हुँदा स्थानीयहरुले भव्य स्वागत जनाएका थिए। सिँचाई विभागद्वारा लगभग 70 लाख रुपियाँको लागतमा निर्माण गरिएको घैयाबारीको उदय संघ सार्वजनिक भवनको उद्घाटन जीटीए प्रमुख अनित थापाको विशेष उपस्थितिमा तीनधारे महानदी समष्टिका सभासद नवराज छेत्रीले रिबन काटेर गर्नु हयेको छ। उक्त सार्वजनिक भवनको उद्घाटन समारोहको अध्यक्षता उदय संघ घैयाबारीको वरिष्ठ सदस्य एवं भूतपूर्व सैनिक सुरज तामाङले गर्नु भएको थियो।

**भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको तीनधारे महानदी समष्टिका प्रवक्ता बिपन विश्वकर्मले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण क्षेत्रीय सभासद नवराज छेत्रीले राख्नु भएको थियो। कार्यक्रममा घैयाबारीको उदय संघ सार्वजनिक भवनको लागि स्थानीयहरुले जीटीए प्रमुख अनित थापालाई सम्बर्द्धना जनाइयो। उदय संघको तर्फबाट सभापति अञ्जली लामा, उप सभापति सरिता गुरुङ र सचिव बिनोद तामाङ आदिको बाहुलीबाट जीटीएलाई सम्बर्द्धना जनाइयो।**
**कार्यक्रममा उदय संघको तर्फबाट सचिव विनोद तामाङले जीटीए प्रमुख अनित थापालाई सार्वजनिक भवनको लागि धन्यवाद दिए। 1975 सालमा स्थापना भएको घैयाबारीको उदय संघको सार्वजनिक भवन नभएकाले स्थानीयहरुलाई धेरै असुविधा भइरहेको थियो। सार्वजनिक भवन निर्माण भएर उद्घाटन गरिएकाले अब सबैलाई सुविधा हुने भएको छ।**

## अनित थापा

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मुख्य कार्यपाल अनित थापाले घेयाबारीमा सार्वजनिक भवन उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै भन्नु भयो, मैले मेरो वचन पूरा गरे। तर चुनाउमा तपाईहरुले अब के गर्नु हुन्छ। हुन त जीटीए र पञ्चायत चुनाउमा जिताएको नै हो। तर पनि गठबन्धन गरेर चुनाउ लडे कि भोट दिंदैन।"
उहाँले आरोप लगाउदै भन्नु भयो, बीजेपीलाई हामीले विगत 20 वर्षदेखि भोट हाल्दै आएका हौँ। तर आजसम्म हामीले केही पाउँनुको कुरा नै छोडौ, धन्यवादसम्म भन्नु आएको छैन। राजु विष्ट एक गोर्खाका छोरा हुन्। तर बीजेपीले उसको सम्म कुरा सुन्दैन रहेछ। हामीले गोर्खाल्याण्ड नपाउनु राजु विष्टको भूल होइन, तर बीजेपी सरकारको भूल हो।"
श्री थापाले भन्नु भयो, पहाड सचेत हुनुपर्छ। भावना होइन दिमाग लगाएर चुनाउमा भाग लिनुपर्छ। यस ठाउँबाट बीजीपीएम कहिले हारेको छैन। तर सांसदको चुनाउमा हामीले गठबन्धनको चिन्हमा चुनाउ लड्यौं। परिणाम हामी सबैले देख्यौं। तर हामी सचेत हुनु जरुरी छ।

## जङ्गली हात्तीद्वारा पाठशाला भवन क्षतिग्रस्त

हिजो राति जङ्गली हात्तीले सुकना बनबस्ती प्राथमिक पाठशाला भवन क्षतिग्रस्त पारेको छ। घटनाको खबर पाउनसाथ आज बिहानै गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका डेपुटी चेयरम्यान एवं प्राथमिक शिक्षा विभागका भारप्राप्त सभासद राजेस चौहानले घटना स्थलको रीक्षण भ्रमण गर्नु भएको छ।

****** ० ******